का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ जेठ २०८०,
मंगलबार
23 May 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक ११७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# ३२ जनाविरुद्ध मुद्दा चलाउन प्रहरीको राय

- **८ जेठ** — जिल्ला प्रहरी परिसर काठमाडौंद्वारा नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा हस्तान्तरण ।
- **४ जेठ** — शरणार्थी नेता टेकनाथ रिजाल र हज कमिटीका अध्यक्ष शमशेर मिया पक्राउ ।
- **१ जेठ** — आफ्नो पनि नाम मुछिएको भन्दै पूर्वसांसद आङ्टावा शेर्पा प्रहरीसमक्ष आफैं उपस्थित ।
- **३१ वैशाख** — सम्पर्कविहीन रहेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी पक्राउ ।
- **३१ वैशाख** — पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित अन्यलाई अनुसन्धानका लागि चार दिन म्याद थप ।
- **२७ वैशाख** — पूर्वगृहमन्त्री बालकृष्ण खाँण र उनका स्वकीय सचिव नरेन्द्र केसी पक्राउ ।
- **२७ वैशाख** — पूर्वउपप्रधानमन्त्री रायमाझीको नाम जोडिएपछि एमालेद्वारा उनलाई सचिव पदबाट निलम्बन ।
- **२० वैशाख** — उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पक्राउ ।
- **२० वैशाख** — टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझी पक्राउ ।
- **२० वैशाख** — पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी ।
- **१९ वैशाख** — तात्कालीन उपप्रधान तथा गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ ।
- **१२ चैत** — नक्कली शरणार्थी प्रकरणलाई लिएर त्यसको गिरोहका सञ्चालकहरू केशव दुलाल, सानु भण्डारी र टंक गुरुङ पक्राउ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

नक्कली शरणार्थी प्रकरणमा कम्तीमा ३२ जनाविरुद्ध मुद्दा चलाउन सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन पुगेको छ ।

जिल्ला प्रहरी कार्यालय काठमाडौंले ३२ जनाविरुद्ध मुद्दा चलाउन राय दिएको भएपनि हालसम्म १६ जनामात्रै पक्राउ परेका छन् । प्रहरीले बुझाएको प्रतिवेदन अध्ययनपछि सरकारी वकिलको कार्यालयले बुधबारसम्ममा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गर्नेछ ।

पक्राउ पर्नेमा पूर्वउपप्रधानमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाँण, नेपाल सरकारका सचिव टेकनारायण पाण्डे र तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई समेत छन् ।

यस्तै कांग्रेसका पूर्व सभासद आङ्टावा शेर्पा समेत पक्राउ परेका छन् । यो प्रकरणमा सबैभन्दा पहिला २०७९ चैत १२ मा केशव दुलाल, पाँचथरका टंक गुरुङ र ललितपुर घर भएका सानु भण्डारी पक्राउ परेका थिए ।

यस्तै चैत १५ मा मोरङ घर भएका सागर राई पक्राउ परेका थिए । यस्तै पूर्व गृहमन्त्री खाँणका निजी सचिव नरेन्द्र केसी, सन्देश शर्मा, सन्दीप रायमाझी, रामशरण केसी र गोविन्द चौधरी पनि पक्राउ परेका छन् ।

पछिल्लो समय प्रहरीले भुटानी शरणार्थीका नेता टेकनाथ रिजाल र नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँलाई पनि पक्राउ गरेको थियो । अन्य १६ जना भने अझै फरारकै अवस्थामा छन् । फरारको सूचीमा प्रतीक थापा, केशव तुलाधर, हरिभक्त महर्जन, लक्ष्मी महर्जन, अशोक पोखरेल, धीरेन राई, निरज राई, दीपा हुमागाई रहेका छन् ।

यस्तै राजेश अर्याल, मोहनराज राई, आशिष बुढाथोकी, विनिता लिम्बु, निरञ्जनकुमार खरेल र सुनिल बुढाथोकी पनि फरार रहेका छन् । त्यस्तै, वतन नखुलेकामा गोकुल थापा र रमा थापा रहेका छन् ।



# शंकासहित प्रतिबद्धता

अधिकांश सांसदले आफैंमाथि प्रश्न उठ्ने प्रकरण भएपनि भ्रष्टाचारविरुद्ध एक भएर लाग्नुपर्ने बताएका छन् । सरकारलाई त्यसअनुसार बजेट विनियोजन गर्न पनि सांसदहरुको सुझाव छ ।




नीति तथा कार्यक्रममा एउटा स्वतन्त्र नागरिक आयोग गठन गरेर जहिलेको मिति तोके पनि छानबिन गरौं । पञ्चहरूको, राजाको, क–कसकोबाट शुरू, कहाँबाट शुरू गर्ने हो गरौं । अब सबैको सम्पत्ति छानबिन गरिनेछ भनेर लेख्नुस् ।

**राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा



नक्कली भुटानी शरणार्थी काण्डलगायत जनताले ठूलो भ्रष्टाचारको आशंका गरेका काण्डहरूको फाइल खोल्ने यो उपयुक्त समय हो । एक पटक भ्रष्टाचारका विरूद्ध कडा नजिर स्थापित गर्‍यौं भने भ्रष्टाचार नियन्त्रणको यो अभियान कोशेढुंगो सावित हुनेछ ।

**प्रदीप पौडेल**
सांसद, नेपाली कांग्रेस



प्रधानमन्त्री प्रचण्डज्यूले क्यान्टोनमेन्टका फाइल खोलौं दोषी रहेछु भने जेल जान तयार छु भन्नुभयो, प्रमुख प्रतिपक्षी दलको नेता केपी शर्मा ओलीज्यूले पनि यती र ओम्नीका फाइलहरू खोलौं, गल्ती भएको रहेछ भने जेल जान तयार छु भन्ने आँट गरौं न ।

**माधव सापकोटा**
सांसद, माओवादी केन्द्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

संघीय संसदमा सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि छलफल जारी छ । सोमबारसम्म प्रतिनिधिसभामा मात्रै ८३ जनाले बोलेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री, पूर्व गृहमन्त्रीसहित ३३ जना संलग्न रहेको भनी प्रहरी अनुसन्धान चलेको र सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको समयमा संसदमा जारी नीति तथा कार्यक्रममाथि छलफल भएको हो ।

अधिकांश सांसदले आफैंमाथि प्रश्न उठ्ने प्रकरण भए पनि तयार भएर भ्रष्टाचारविरुद्ध एक भएर लाग्नुपर्नेमा सांसदहरुको राय छ । सरकारलाई त्यस अनुसार बजेट छुट्याउन पनि सांसदहरुको सुझाव छ । भ्रष्टाचार र अनियमितताको फाइल कहिले देखिको >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विभागद्वारा नयाँ म्यानपावर दर्ता प्रक्रिया स्थगन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ

वैदेशिक रोजगार विभागले नयाँ म्यानपावर कम्पनीको इजाजतपत्र रोकेको छ । हाल विभागमा नयाँ म्यानपावर कम्पनी दर्ताका लागि वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नियमावली २०६४ ले इजाजतपत्रका लागि तोकेका विवरण र कार्ययोजनासहित निवेदन पर्ने गरेका छन् ।

त्यस्ता निवेदन दर्ता गरेर राख्ने, तर नयाँ इजाजत जारी गर्न भने रोकिएको विभागका निर्देशक एवं सूचना अधिकारी गुरूदत्त सुवेदीले मध्यान्हलाई जानकारी दिए । निर्देशक सुवेदीले वैदेशिक रोजगार ऐन र नियमावलीमा म्यानपावर इजाजतपत्र नवीकरण गर्न अनिवार्यरूपमा वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन श्रम स्वीकृति लिएको हुनुपर्ने व्यवस्था भएको अवस्थामा जेठको पहिलो हप्ता लाइसेन्स लिने व्यवसायीले असार मसान्तसम्ममा सय जना कामदार पठाउने सम्भावना नदेखिएकाले नयाँ लाइसेन्स रोकिएको बताए ।

उनले भने, 'इजाजतपत्र नवीकरणको व्यवस्था हुन नसके नयाँ इजाजतपत्र लिने व्यवसायीको लगानी खेर जाने देखेर हाललाई नयाँ इजाजतपत्र जारी नगर्ने योजना बनाएका छौं ।'

विभागले निवर्तमान महानिर्देशक उमाकान्त अर्याल सरूवा हुनुभन्दा एक-दुई दिनअघिबाट नै नयाँ लाइसेन्स रोकेको बताइएको छ । विगतमा मन्त्रिपरिषद्को निर्णयले इजाजतपत्र रोकिँदा व्यवसायीले अदालतबाट आदेश जारी गराएर इजाजतपत्र लिने गरेका थिए ।

हाल विभागबाट इजाजतपत्र लिएका ८ सय ८० म्यानपावर कम्पनी रहेका छन् । तर खारेजी, स्वेच्छिक खारेजी र एकआपसमा गाभिने प्रक्रिया 'मर्ज' हुने गरेका कारण म्यानपावर कम्पनीको संख्या घटबढ भइरहने विभागले बताएको छ ।

सरकारले म्यानपावर कम्पनीको संख्या घटाउन २०७५ सालमा वैदेशिक रोजगार ऐन संशोधन गर्दै बैंक ग्यारेन्टी र धरौटी गरी न्यूनतम २ करोडदेखि अधिकतम ६ करोडसम्म पुर्‍याएको थियो । वार्षिक ३ हजारभन्दा थोरै कामदार वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनीले ५० लाख नगद र एक करोड ५० लाख रुपैयाँ बैंक ग्यारेन्टी, वार्षिक ३ हजारदेखि ५ हजारसम्म कामदार पठाएमा एक करोड नगद र ३ करोड बैंक ग्यारेन्टी र वार्षिक ५ हजारभन्दा बढी कामदार पठाउन चाहेमा २ करोड नगद र ४ करोड बैंक ग्यारेन्टी राख्नुपर्ने प्रावधान छ । दुई करोड लगानी >>> पृष्ठ २ मा

## स्विट्जरल्याण्ड पठाउने भन्दै ठग्ने महिला पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि स्विट्जरल्याण्ड पठाउने प्रलोभनमा पारेर सात लाखभन्दा बढी ठगी गरेको आरोपमा प्रहरीले काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकाकी एक महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हाल बाँकेको कोहलपुरमा बस्दै आएकी पार्वती थापा रहेको प्रहरीले जानकारी दिएको छ । थापाले स्विट्जरल्याण्ड जान सात लाख २० हजार रुपैयाँ लाग्ने र स्विट्जरल्याण्ड पुगेपछि मासिक एक लाख तलब हुने सुपरमार्केटमा प्याकिङको काम लगाइदिन्छु भनी तुलाराम तारम मगरलाई विश्वास दिलाई ठगी गरेको प्रहरीको दाबी छ ।

मगरबाट रकम लिई सम्पर्कविहीन भएपछि थापाविरुद्ध वैदेशिक रोजगार विभागमा उजुरी परेको थियो । विभागबाट पक्राउ गरी उपस्थित गराइदिन पत्राचार भएपछि विशेष प्रहरी टोलीले थापालाई गोंगबुबाट >>> पृष्ठ २ मा

# चक्रपथ विस्तारमा ढिलाइ

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

काठमाडौं चक्रपथको बहुप्रतीक्षित कलङ्की-महाराजगञ्ज सडक खण्डको विस्तार कार्य छिट्टै सुरु गर्ने सरकारले प्रतिबद्धता गरेपनि दोश्रो चरणको काम भने पून रोकिएको छ । नेपाली पक्ष र चिनियाँ पक्षबीच कतिपय सम्झौतामा सहमति नभएपछि काम पून रोकिएको हो । नेपाली पक्षले भने आफ्नो जिम्मेवारीको ढल व्यवस्थापन, सर्भिस लेन विस्तारको काम गरिरहेको छ । तर, चिनीयाँ पक्ष भने साइड क्लियरेन्स नभएको भन्दै सडक विस्तारको लागि नेपाल समेत आएका छैनन् । तरपनि, मन्त्रीहरुले सडकविस्तारको काम छिट्टै सक्ने भन्दै नियमित अनुगमन र आश्वासन भने दिन छाडेका छैनन् ।

चक्रपथको सो खण्ड विस्तारका विषयमा नेपाल र चिनियाँ पक्षले गम्भीरतापूर्वक अध्ययन गरेको थियो, केही समस्या देखिएको थियो, अब समाधान निकालिसकिएको छ। केही खम्बा हटाउन बाँकी रहेको र साना मन्दिर अर्को ठाउँमा बनाउने गरी हटाउने काम भएको छ। केही प्रहरी चौकी हटाइसकिएको छ, अब छिट्टै नै काम सुरु गर्छौं' भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले एक कार्यक्रमलाई सम्बोधन गर्दै भने । सरकारले चक्रपथ रेखाङ्कनभित्रका संरचनाहरू हटाउने लगायतको काममा तदारुकता दिएकाले छिट्टै नै विस्तार कार्य सुरु हुने उनको भनाई थियो ।

तर, सरकारले सरकारले चिनियाँ पक्षले तयार पारेको डिजाइनमा ११ वटा सुझावसहित सडक पूर्वाधार निर्माण गर्न प्रस्ताव गरेपछि काममा ढिलाइ हुँदै आएको हो । सरकारले वैकल्पिक संरचना, मुख्य सडकको बीचमा तीन मिटर फराकिलो युटिलिटी करिडोर, ओभर पास र अन्डर पासको संख्या वृद्धि, पैदलमार्गसँगै ग्रिनबेल्ट निर्माण लगायतमा प्रस्ताव अघि बढाएको थियो ।

तर, चक्रपथ विस्तारको जिम्मा पाएको चिनियाँ कम्पनी हेनान प्रोभेन्सियल कम्युनिकेसन प्लानिङ सर्भे एन्ड डिजाइन इन्स्टिच्युटले थप पूर्वाधारको जिम्मा नेपालकै भएको बताउँदै आएको छ । जसले गर्दा चिनियाँ पक्षले हालसम्म पनि काम अघि बढाएकै छैन ।

विस्तारको दोस्रोखण्ड कंलकीदेखि चाबहिल पुलसम्म आठ लेन सडक विस्तार गर्ने भनिए पनि मुआब्जा विवादले बसुन्धारासम्म करिब ९ किलोमिटर सडक मात्रै विस्तार गर्न लागिएको हो । डीपीआरअनुसार चक्रपथको कोटेश्वर-कलङ्की खण्डभन्दा कलङ्की-धोबीखोला खण्डको डिजाइन फरक रहेको छ । चक्रपथको पहिलो खण्डअन्तर्गत कोटेश्वदेखि कलंकीसम्मको विस्तार वि.सं.२०७१ देखि चीन सरकारले काम थालीन गरेर २०७५ मा सरकारलाई हस्तान्तरण गरिएको थियो । सोही विस्तार अर्न्तगतको कलङ्की-महाराजगञ्ज सडकखण्डमा भने दुवैपक्षको लापरवाहीले विस्तार कार्यमा थप ढिलाइ हुने देखिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
९ जेठ २०८०, मंगलबार
23 May 2023, Tuesday

## तातोपानी गाउँपालिकाको एक वर्ष

# डिजिटल हाजिरदेखि आफ्नै 'गान र लोगो' निर्माण

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ८ जेठ



जुम्लाको तातोपानी गाउँपालिकाले एक वर्षमा गरेको कार्य प्रगति सार्वजनिक गरेको छ । तातोपानी गाउँपालिकाले सोमबार पत्रकार सम्मेलन गर्दै एक वर्षमा गरेको २१ वटा कार्य प्रगति सार्वजनिक गरेको हो ।

संघीयताको दोसो कार्यकालमा एक वर्षभित्र गरेका काम सार्वजनिक गर्ने तातोपानी गाउँपालिका पहिलो पालिका बनेको छ । गाउँपालिकाका अध्यक्ष नन्द प्रसाद चौलागाईले एक वर्षभित्र कार्यसम्पादन, योजना सम्झौता र अन्तिम भुक्तानी, तातोपानी ७ मा मानबहादुर गोरीकला आवास निर्माण, तातोपानी टाइम्स र खाता मुक्त पालिका घोषणा, प्रत्येक महिनाको दोस्रो शनिबार श्रमदान, पालिका अन्तर्गतका कार्यालय र विद्यालयमा डिजिटल हाजिर जडान लगायतका महत्वपूर्ण काम भएको बताए ।

यस्तै तातोपानी ३ की बाहुरी रावलको पुनर्स्थापना, विपतबाट क्षतिग्रस्त सडकको तत्काल मर्मत सम्भार, पालिकाको आफ्नै 'गान र लोगो' निर्माण, वृहत निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, महिला स्वास्थ्य सेविकालाई मोवाइल वितरण, प्रत्येक चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम, जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण, निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम, तातोपानी ४ मा औद्योगीक ग्राम स्थापनाको काम भएको पनि अध्यक्ष चौलागाईले बताए ।

यस्तै बाढी पीडितलाई राहत वितरण, सुरक्षित आवास कार्यक्रममार्फत ५ सय १२ घरधुरी लाभावन्वित, विद्यालय अनुगमन, विभिन्न ऐन नियम निर्माण लगायतका २१ वटा कार्य गरेको अध्यक्ष चौलागाईले बताए ।

कार्यप्रगति कार्यक्रममा बोल्दै अध्यक्ष चौलागाईले सर्मीसुर्की कयरकोट हुँदै ताम्ती सडक, डुङ्ग्री टाप्ला मुछ्यालदेउ सडक, राकाँ तरापी सडक, खाल्मी सिँचाई कोलो मर्मत, हियाँखोला सडक, लिताकोट गोठी सडक, घट्टेखोला गिडिखोला पाण्डेवाडा नियनपानी सडक, चुम्लासाँगु गौतकवाडा सडक, थारमारेदिलौरी सडक लाम्रा सिँचाई कुलो निर्माण, करेखोला खानेपानी मर्मत लगायतको कार्य सम्पन्न गरेको बताए । उक्त सडक मर्मत गर्न ५० लाख बजेट खर्च भएको पनि उनले पत्रकार सम्मेलनमा जानकारी गराए ।

चालु आर्थिक वर्षको आय तर्फको बजेट आन्तरिक स्रोत ११ करोड ४२ लाख ९९ हजार ९ सय १ रुपैयाँ र संघीय सरकारबाट प्राप्त अनुदान रकम समानिकरण, सशर्त चालु अनुदान, पुँजीगत अनुदान विशेष अनुदान, राजश्व बाँडफाँड गरी जम्मा ४३ करोड ७४ लाख ५७ हजार रुपैयाँ रहेको अध्यक्ष चौलागाईले बताए । उनका अनुसार प्रदेश सरकारबाट प्राप्त अनुदानमा ६१ करोड १७ लाख ५६ हजार रहेको छ । एकमुष्ठ बजेट विवरणमा चालुमा ५७.७६ प्रतिशत, पुँजीगततर्फ ३८.९९ प्रतिशत र जम्मा ४९.५ प्रतिशत रकम खर्च गरेको अध्यक्ष चौलागाईले बताए । त्यस्तै विषयगत क्षेत्र अनुसार आर्थिक विकासमा ५०.१३ प्रतिशत, सामाजिक ५५.६५ प्रतिशत, पूर्वाधार विकासमा ३५.१० प्रतिशत, वन वातावरणमा ६८.०४ प्रतिशत, सुशासन तथा संस्थागत विकासमा ५०.७५ प्रतिशत खर्च भएको अध्यक्ष चौलागाईले बताए ।

# पहिलो पटक खदीमा पुग्यो गाडी

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ८ जेठ



रुकुम पश्चिमको आठबिसकोट नगरपालिका वडा नं. १ खदी सडक सञ्जालमा जोडिएको छ । शाइकुमारी मन्दिर नजिकैको चट्टान फुटाएपछि खदी सडक सञ्जालमा जोडिएको हो । विकट वडामा शनिबार पहिलोपटक यातायातका साधन सञ्चालनमा आएपछि स्थानीयमा खुसीयाली छाएको छ ।

सडक निर्माण कार्य सकिएपछि वडा नं. १, मा पुगेका दुई वटा ट्याक्टर, डोजर चालक/सहचालक र जनप्रतिनिधिलाई स्थानीयले खुसी हुँदै फुलमालाले भव्य स्वागत गरेको वडा कार्यलयले जनाएको छ ।

भेरी कोरिडोरसँग प्रत्यक्ष सम्पर्क भएको नगरपालिका भए पनि वडा नं. २ देखि वडा नं. १ जोड्ने सडक निर्माण गर्न नगरपालिकालाई निकै सकस भएको थियो ।

गाउँमा सडक पुगेसँगै अब स्थानीयलाई नगरपालिका केन्द्र राडीबजारसम्म आउजाउ गर्न सहज भएको वडा अध्यक्ष देवबहादुर घर्तीले बताए । वडा अध्यक्ष घर्तीले नगरपालिकाकै सबैभन्दा विकट मानिएको वडाका सबै नागरिकलाई सडकमार्फत पालिका जोड्न पाएकोमा खुसी लागेको बताउँदै बाँकी रहेका विकास निर्माणका काममा पनि सहयोग गर्न सबैलाई अपिल गरे ।

भौगोलिकरूपमा विकट मानिने यो क्षेत्रलाई सडक सञ्जालसँग जोड्न हेलिकप्टरमार्फत २०७८ सालमा सडक निर्माण सामग्री ढुवानी गरिएको थियो भने नगरपालिकाले डोजर ढुवानी गरेको थियो ।

# सफा हिमाल अभियानमा मृत्यु भएका शेर्पाको शव परिवारलाई बुझाइयो

**काठमाडौं/मस–** सफा हिमाल अभियान २०२३ मा सहभागी ओखलढुंगाका शेर्पा सरदार आङकाजी शेर्पाको निधन भएको छ ।

विगत ३ वर्षखि सफा हिमाल अभियानमा महत्वपूर्ण योगदान पुऱ्याइ रहेका शेर्पाले सगरमाथाको क्याम्प-२ मा क्याम्प म्यानेजर तथा कुकको जिम्मेवारी निर्वाह गरिरहेका थिए । आरोहण तथा सफाइ अभियानमा प्रयोग गरिएका सामानहरु फिर्ता गर्ने तयारी गर्दै गर्दा अचेत भएका शेर्पाको पार्थीव शरीरलाई नेपाली सेनाको हेलिकोप्टरद्वारा लुक्लाबाट काठमाडौं ल्याइ पोष्टमार्टम पश्चात परिवारलाई बुझाइएको छ । सफा हिमाल अभियान २०२३ का दुई जना सहभागी शेर्पा सहयोगीहरुको सगरमाथा ईलाकामा निधन भएको छ ।

# पाँच महिनापछि खुल्यो नारा लेक सडकखण्ड

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ८ जेठ



पाँच महिना अघिदेखि हिमपात र पहिरोले बन्द भएको नारा लेक सडकखण्ड हिउँ पन्छाएर सुचारु गरिएको छ ।

हुम्लाको नाम्खा गाउँपालिका वडा ५ मा पर्ने नारा लेकमा जमेको तीनदेखि चार फिट हिउँ र माथिबाट आएको पहिरो डोजर लगाएर पन्छाएपछि सडक सुचारु भएको हो ।

४ हजार ६ सय मिटर अग्लो नारा लेकमा जमेको हिउँ र पहिरो हिल्सा सिमकोट सडक आयोजनाको निर्देशनमा निर्माण व्यवसायी तेजबहादुर महतले ९ दिन लगाएर पन्छाएका हुन् । पहिरो र हिउँ पन्छाएसँगै यारी सडक खण्ड सुचारु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ ।

सडक यातायात बन्द हुँदा सीमा नाका खुला भएपनि व्यापारी तथा हिल्साका स्थानीयबासी पैदलै हिउँमा यात्रा गर्न बाध्य थिए ।

अहिले भने हिउँ पन्छाएर सडक सुचारु भएको र पैदलयात्रुलाई सहज भएको हिल्सा-सिमकोट सडक आयोजनाका इन्जिनियर निरज राजवंशीले बताए । नाका सुचारु भएपछि चीनको ताक्लाकोट जाने हुम्लावासीको संख्या बढेको छ भने हिल्सा जाने सवारी साधनको चाप पनि बढेको छ ।

# हज यात्रामा जाने हाजीलाई तालिम

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ८ जेठ



रौतहटको गौरमा जमेयत उलमाए इस्लाम नेपालको आयोजनामा हज यात्रामा जाने हाजीहरुलाई तीन दिने तालिम दिइएको छ ।

कार्यक्रममा प्रमुख अतिथि मौलाना अब्दु सलाम कासीमी, अजाद मदरसा पुर्वी चमपारण ढाका रहेका थिए । कार्यक्रममा मौलानाहरुले धार्मिक हिसाबले महत्वपूर्ण कार्य सम्बन्धमा हाजीहरुलाई जानकारी दिएका थिए । इस्लाम धर्मका अनुसार महत्वपूर्ण विषयका बारेमा जानकारी गराइएको थियो ।

कार्यक्रमको अध्यक्षता मौलाना मोहम्मद वकिल अहमद हुसैनीले गरेका थिए । अध्यक्ष हुसैनीले मुस्लिम समुदायका हज यात्रा जाने व्यक्तिहरुलाई विगतदेखि नै तालिम दिँदै आएको बताए ।

कार्यक्रममा पाँच धर्म गुरु मौलानाहरुले मन्तव्य राखेका थिए । हज यात्रा गर्ने हाजीलाई इस्लामको पाँचौ अर्काण भएको बताइएको छ । यो कार्यक्रम आर.डि.सी संस्थाको सहयोगमा आयोजना गरिएको हो । कार्यक्रममा रौतहटको विभिन्न गाउँपालिकाबाट हज जाने हाजीहरु र मौलाना गुरुहरुको उपस्थिति रहेको थियो ।

## शंकासहित...

खोल्ने भन्ने विषयमा राजनीतिकब दलहरु विभाजित रहेको उल्लेख गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष समेत रहेका प्रतिनिधिसभा राजेन्द्र लिङ्देनले तत्कालीन राजा र पञ्चहरूको पनि सम्पत्ति छानबिन गर्नुपर्ने बताएका छन् । यसका लागि स्वतन्त्र नागरिक आयोग गठन गरेर सम्पत्ति छानबिन गर्नुपर्ने उनको राय छ । भ्रष्टाचारविरूद्धको प्रतिबद्धता कागजले मात्र नहुने उनको भनाइ छ ।

प्रतिनिधि सभाको सोमबारको बैठकमा बोल्दै लिङ्देनले भने, ' यो संसदमा दोहोरी चलिसक्यो , प्रधानमन्त्री पनि २०४६ पछिका उच्च पदस्थ नेतारकर्मचारीको सम्पत्ति छानबिन गर्ने भनेर भन्नुहुन्छ । प्रमुख प्रतिपक्षी दलका नेताले त भनिसक्नुभएको छ । पहिलोचोटि यसप्रकारको सहमति भएका बेला नीति तथा कार्यक्रममा एउटा आयोग स्वतन्त्र नागरिक आयोग गठन गरेर जहिलेको मिति तोके पनि छानबिन गरौं । मैले त भनेको छु, पञ्चहरूको, राजाको, क-कसकोबाट सुरू, कहाँबाट सुरू गर्ने हो तर अब सबैको सम्पत्ति छानबिन गरिनेछ र उनका नातागोता र परिवारको सम्पत्ति छानबिन गरिनेछ र कारबाही गरिनेछ भनेर पो लेख्नुस् ।'

उनले छानबिन गरी अवैधानिक सम्पत्ति जफत गरि नुपर्ने बताए । उनले मन्त्रिपरिषदका निर्णय अख्तियारले हेर्न नपाउने भन्ने र अख्तियारमा आफ्नै कारिन्दा भर्ति गर्ने गरिएको आरोप पनि लगाए ।

सत्तारुढ नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले ठूला भ्रष्टाचार काण्डहरूको फाइल खोल्ने उपयुक्त बेला अहिले भएको बताएका छन् । प्रतिनिधि सभाको सोमबारको बैठकमा बोल्दै सांसद पौडेलले एक पटक भ्रष्टाचारविरूद्ध कडा नजिर स्थापित गर्नुपर्ने बताए ।

'एक पटक हामीले भ्रष्टाचारका विरूद्ध कडा नजिर स्थापित गर्यौं भने भ्रष्टाचार नियन्त्रणको यो अभियान कोशेढुंगो साबित हुनेछ' उनले भने, 'हामीले चाहेको मुख्य विषय सुशासन हो ।'

भ्रष्टाचारविरूद्ध सरकारले अभियान नै सञ्चालन गर्ने बाचा नीति तथा कार्यक्रममा रहेको पनि उनले बताए । 'नक्कली भुटानी शरणार्थी काण्डलगायत जनताले ठूलो भ्रष्टाचारको आशंका गरेका काण्डहरूको फाइल खोल्ने यो उपयुक्त समय हो' उनले भने ।

माओवादी केन्द्रका सांसद माधवप्रसाद सापकोटाले प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीलाई लक्षित गर्दै विगतका भ्रष्टाचार प्रकरणमा गल्ती भए जेल जान तयार छु भन्न सक्छन कि सक्दैनन भन्दै प्रश्न गरे । प्रतिनिधिसभाको बैठकमा सांसद सापकोटाले भ्रष्टाचारका सबै प्रकरणका फाइल खोल्न र गल्ती भेटिए कारबाही भोग्न तयार हो कि होइन भनेर प्रश्न गरेका हुन् ।

प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले क्यान्टोनमेन्टका फाइल खोल्न तयार रहेको र भ्रष्टाचार भेटिए जेल जान तयार रहेको भनेको स्मरण गराउँदै सांसद सापकोटाले यती र ओम्नी लगायतका अनियमितता खोल्न र कारबाही भोग्न ओली तयार हुन कि होइन भनेर प्रश्न गरे ।

'भ्रष्टाचारका कुरा उठे । भ्रष्टाचारका विषयमा उठेका कुरामा सहमत छु । रघुजी पन्त (एमाले सांसद पन्त)ले पनि नैतिकताको कुरा गर्नुभयो । त्यै नैतिकता भएर होला प्रधानमन्त्रीज्यूले क्यान्टोनमेन्टका फाइलहरू खोलौं म दोषी रहेछु भने जेल जान तयार छु भन्नुभयो' उनले प्रश्न गरे, 'प्रमुख प्रतिपक्षी दलको नेताले पनि यती र ओम्नीका फाइलहरू खोलौं, गल्ती रहेछ भने जेल जान तयार छु भन्ने आँट गरौं न ।' सुरुवात त्यहाँबाट हुने उल्लेख गर्दै उनले थपे, 'एकले अर्कालाई किन आरोप प्रत्यारोप मात्रै गर्ने ? नैतिकता भनेको कुरा त्यसरी प्रस्तुत गरौं ।'

## विभागद्वारा...

गरेर इजाजत लिएकामध्ये वैशाख मसान्तसम्ममा सवा दुई सय म्यानपावर कम्पनीले इजाजतपत्र नवीकरणको न्यूनतम थ्रेसहोल्ड सय संख्या पुऱ्याउन नसकेको बताइएको छ ।

विभागले नयाँ दर्ता स्थगित गरेको भएपनि शेयर खरिद बिक्री, नामसारी तथा ठाउँसारी पूर्ववत् रुपमा खुला रहेको बताएको छ ।

## स्विट्जरल्याण्ड...

पक्राउ गरेको थियो । विभागले थापालाई थुनामा राखी थप अनुसन्धान गरिरहेको बताएको छ । हाल विभागमा वैदेशिक रोजगारीको नाममा व्यक्तिगत ठगी भएको भन्दै उजुरी दर्ता हुने क्रम बढेको छ । विभागले चालु आर्थिक वर्षको १० महिनामा मात्र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा ठगीविरूद्धका करिब पौने दुई सय पक्राउ पुर्जी पठाएको बताएको छ ।


## क्रोएशिया (युरोप)मा महिला तथा पुरुषहरूलाई वैदेशिक रोजगारको अवसर

कम्पनी: SKILLED LABOR D.O.O. शहर: CROATIA, HRVATSKA
पूर्व स्वीकृत मिति: २०७९/०२/३० चलानी नं.: ६०१८०८५६ LT. No.: 264662 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 5 | 0 | स. काममा दक्ष | 600 | ८५,४९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barman | 10 | 0 | | 600 | ८५,४९४ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 700 | ९९,७४३ | | | | | | | |
| 4. | Cooks | 10 | 0 | | 600 | ८५,४९४ | | | | | | | |
| 5. | Electrician | 9 | 0 | | 650 | ९२,६१९ | | | | | | | |
| 6. | Factory Worker | 16 | 20 | | 550 | ७८,३७० | | | | | | | |
| 7. | Kitchen Helper | 4 | 0 | | 550 | ७८,३७० | | | | | | | |
| 8. | Mason | 10 | 0 | | 650 | ९२,६१९ | | | | | | | |
| 9. | Metal Fabricator | 9 | 0 | | 700 | ९९,७४३ | | | | | | | |
| 10. | Sewing | 0 | 8 | | 550 | ७८,३७० | | | | | | | |
| 11. | Shuttering Carpenters | 5 | 0 | | 650 | ९२,६१९ | | | | | | | |
| 12. | Steel Fixer | 9 | 0 | | 650 | ९२,६१९ | | | | | | | |
| 13. | Tile Mason | 8 | 0 | | 650 | ९२,६१९ | | | | | | | |
| 14. | Waiter | 10 | 0 | | 550 | ७८,३७० | | | | | | | |
| 15. | Warehouse Worker | 5 | 0 | | 550 | ७८,३७० | | | | | | | |

प्रि–अन्तर्वार्ता धमाधम भैरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १६ गते (30 May 2023) मा यसै कम्पनीको प्रतिनिधीबाट लिइने छ ।

नोट: बोर्डिङ पढेका र अंग्रेजी राम्रोसँग लेख्न र बोल्न सक्ने हुनु पर्दछ । पिसिसि रेडी भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिईनेछ । पिसिसि र भिएफएस मा लाग्ने खर्च कामदार आफैले ब्यहोर्नु पर्नेछ । मे १५ भन्दा अधिको पुलिस रिपोर्ट मान्य हुने छैन । शनिबार पनि कार्यालय खुल्ला रहने छ ।

यसै कम्पनीको लागि Plaster, Breakfast Chef, Restaurant Cook, Grill Chef, Pastry Chef, Pizza Chef, Buffet Server, Fish & Meat Chef, Bartender, Waiter, Barista, Kitchen Helper, Maid/Housekeeping, Laundry Attendant, Gardener, Pool Attendant, Food Runner, Supermarket Shelf Attendant, Supermarket Logistic Assistant, Plumber with Pipe Welding Skills, Steel Fixer, Formwork Carpenter, Concrete Mixer Truck Driver, Furniture Carpenter, Electrician, GMAW Welder & Industrial Maintenance Electrician, Delivery boy को पनि माग भएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

अन्तर्वातामा आउँदा सकल राहदानी, फोटो, काम गरेको अनुभवको प्रमाणपत्र वा भिडियो साथमा लिएर आउनु पर्नेछ । काममा दक्ष भएकाले सामान्य लेखपढ गर्नु सक्ने भएनी हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Good Luck
Gov. Lic. No. 1357/074/075
**Good Luck International Manpower Pvt. Ltd.**
ठेगाना: अल नेपाल हस्पिटल गेटबाट सुप्रिम कलेज गेट सँगै, सामाखुसी, काठमाडौं Tel: 01-4989404
Mob: 9851326291/ 94 /96 /97 /98 /95 | Web.: www.manpowersnepal.com
E-mail: ceogoodluckinternational@gmail.com, paneru2005@gmail.com, goodluckinternational01@gmail.com
WhatsApp No. 9851145668 | 9851326295 मार्फत विश्वभरबाट सम्पर्क गर्न सकिनेछ ।
आर्थिक कारोबार गर्दा यस कार्यालयको लेखा शाखा रुम नं ९ बाट मात्र गर्नुहोला ।
अन्यबाट गरेको कारोबार यस कार्यालय जिम्मेबार हुने छैन ।



**Panini Rural Municipality**
**Office of the Rural Municipal Executive**
Durgaphant, Arghakhachi

**Invitation for Electronic Sealed Quotation**

**Notice No. 14 /Panini/Procurement/079-80**
**First Date of publication : 2023/05/23 (B.S. 2079/02/09)**

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites only electronic Sealed Quotation from duly eligible and qualified registered Suppliers / Firms for the supply of following Goods under Sealed Quotation Procedure. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/SQ/Goods /17/079-80 | Procurement of supply of milk analyzer, vibrator, computer set, Digital Weighing Machine, Generator & amp; Chilling Vat. | NRs. 13,00,000.00 | NRs. 33,000.00 |
| Bid Document Fee : Rs 1,000.00. Last date of Bid Submission : 2023/06/07 12:00 Noon. | | | | |
| Bid Opening : 2023/06/07 1:00 PM . | | | | |

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.

**Chief Administrative Officer**



नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना**
झापा

**बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना**

(प्रकाशित मिति २०८०।०२।०९)

यस कार्यालयबाट तपसिल बमोजिमको योजनाको बोलपत्र आव्हान सम्बन्धी प्रकाशन गरिएको सुचना बमोजिम E–gp मार्फत पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्विकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्र दाताको नाम | कबोल अंक (प्रोभिजनल–सम समेत र भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | PUDBC/JHA-PA/WORK/ NCB/24/2079/80 | Urban Infrastructure Construction at Prithivinagar Bhadrapur Municipality, Jhapa | Juntara/ Shah Engineering J.V. | Rs.18,14,45,960.00 |

# संस्था बलियो बनाउन कर्मचारीहरुबीच एकता आवश्यक : मन्त्री मोदी

**मध्यान्ह संवाददाता**
ललितपुर, ८ जेठ



संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले सरकारले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई बलियो बनाउन कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा सोमबार आयोजित वर्तमान अवस्था र भावी योजनाको सन्दर्भमा छलफल तथा अनुगमनको क्रममा मन्त्री मोदीले प्रतिष्ठानलाई सवल र सक्षम बनाउन सरकारले कुनै कसर बाँकी नराख्ने बताएका हुन् ।

प्रतिष्ठान अहिले कमजोर रहेको उल्लेख गर्दै मन्त्री मोदीले कर्मचारीहरुबीच बलियो एकता कायम गर्न सके प्रतिष्ठानलाई नै बलियो बनाउन सकिने धारणा राखे । उनले भने, 'संस्था बलियो बनाउनका लागि प्रतिष्ठानका कर्मचारीहरुबीच बलियो एकता अनिवार्य शर्त हो, तपाईंहरुबीच बलियो एकता भए मात्रै यो संस्था समुन्नतिको बाटोमा अघि बढ्छ ।'

मन्त्री मोदीले प्रतिष्ठानका कर्मचारीहरुले सकारात्मक सोच र दृष्टिकोण राखेर कार्यसम्पादन गर्नुपर्ने बताए । मन्त्री मोदीले संस्थाको हित र समुन्नति चाहेर दत्तचित्तका साथ काम गर्न समेत कर्मचारीहरुलाई निर्देशन दिए ।

कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सहसचिव कमल प्रसाद भट्टराईले छलफलमा प्राप्त सुझावका आधारमा मन्त्रालयले अभिभावकीय भूमिका निर्वाह गर्दै प्रतिष्ठानको समुन्नतीमा हातेमालो गर्ने बताए ।

कार्यक्रममा प्रतिष्ठानका निर्देशक जय कृष्ण श्रेष्ठले प्रतिष्ठानका वर्तमान अवस्था, समस्या र भावी योजनाका बारेमा आफ्नो प्रस्तुति राखेका थिए ।

प्रतिष्ठानका कार्यकारी निर्देशक कानुनलाल चौधरीले प्रतिष्ठानको हितका लागि मन्त्रालयबाट हालसम्म प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै प्रतिष्ठानको प्रतिष्ठा उँचो राख्न आफूले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए ।

# सर्लाहीमा मिटरब्याजीविरुद्ध १४ सय ७२ जनाको उजुरी

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ८ जेठ



सर्लाहीमा मिटरब्याजीविरुद्ध आइतबारसम्म १ हजार ४ सय ७२ जनाको उजुरी परेको छ । उजुरी अझै बढ्न सक्ने भन्दै उजुरी लिने समय पुनः एक हप्ता थप गरिएको छ ।

मिटरब्याज अर्थात अनुचित लेनदेन जाँचबुझ आयोगबाट नै उजुरी लिने म्याद जेठ १४ गतेसम्म थप भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ । सर्लाहीका मिटरब्याजी पीडित कोही उजुरी दिन छुटेको भए जेठ १४ गतेसम्म कार्यालयमा आएर उजुरी दिन सकिने सहायक प्रमुख जिल्ला अधिकारी होम प्रसाद घिमिरेले जानकारी दिए । यसअघि जेठ १ गतेदेखि ७ गतेसम्म पहिलो पटक एक साता म्याद थप भएको थियो ।

मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगले गत वैशाख २० गते जिल्ला प्रशासन कार्यालय सर्लाहीमा सरोकारवालाहरुसँग अन्तरक्रियासहित प्रारम्भिक जानकारी लिएर आवश्यक सल्लाह सुझाव संकलन गरेको थियो ।

मधेश प्रदेशको राजधानी जनकरपुरधाममा आयोगको कार्यालय स्थापना भएपश्चात आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्य उत्तमराज सुवेदी उक्त दिन सर्लाही आएर मिटरब्याज पीडित, नागरिक समाज, जनप्रतिनिधि, सुरक्षा अधिकारी, दलका प्रतिनिधि, मिटरब्याजविरुद्धका अभियन्तालगायत अन्य सरोकारवालासँग सदरमुकाम मलंगवामा छलफल गरी प्रारम्भिक अवस्था बुझेर फर्किएका थिए । सर्लाहीमा आयोग गठन हुनु पूर्व नै मिटरब्याज साहुविरुद्ध ६ सय ८० भन्दा बढी उजुरी परेका थिए ।

सर्लाहीमा पनि मिटरब्याजी पीडितले पटक-पटक आन्दोलन गर्दै आइरहेका छन् । त्यही आन्दोलन र उजुरीपछि यहाँका मिटरब्याजी आरोपी श्याम परदेशी, संजय रौनियार र रामबाबु यादव जिल्ला अदालतको आदेश अनुसार कारगार चलान भएका थिए । यादव र रौनियार उच्च अदालतको आदेशले छुटिसकेका छन् भने परदेशी कारागारमै छन् ।

# देवकोटाद्वारा अध्यक्षबाट अलग भएको घोषणा

**मध्यान्ह संवाददाता**
रुकुम पश्चिम, ८ जेठ

रुकुम पश्चिमको बाफिकोट गाउँपालिका वडा नम्बर ९ का नेकपा माओवादी केन्द्रका वडा पार्टी अध्यक्ष बालाराम देवकोटाले आफू पार्टी अध्यक्षबाट अलग भएको घोषणा गरेका छन् ।

देवकोटाले फेसबुकमा लेखेका छन्, 'पार्टीको इन्चार्ज, वडाध्यक्षको काम कारबाही तथा मनोमानी, षड्यन्त्र, जालसाजी, ठेकेदारी प्रवृत्ति, कमिसनखोर र चलखेलका विरूद्ध मेरो राजीनामा हो ।'

देवकोटाले पार्टीभित्र एउटा सहमति भएको र काम गर्दा अर्कै गर्ने, पेल्न खोज्ने भन्दै असन्तुष्टि जनाएका छन् । पार्टीको अध्यक्षलाई बेवास्ता गर्दै बेखबर जस्तै गरी जबर्जस्ती पेल्न खोज्नु गैरजिम्मेवार, गैरनैतिक र गैरराजनीतिक प्रवृत्ति देखिएकोले राजीनामा दिएको उनको भनाइ छ ।


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बौद्ध, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/०९ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बौद्ध, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना र कम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**ऋणीको विवरणः**
नैन बहादुर पण्डितको नातिनी, चोक बहादुर पण्डित/चोक कुमारी पण्डितको छोरी, तुल बहादुर खड्का/तुल कुमारी खड्काको बुहारी, रत्न बहादुर खड्काको पत्नी, सिन्धुपाल्चोक जिल्ला, इचोक गा.वि.स., वडा नं. ०६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०८ बस्ने **कृष्ण कुमारी पण्डित** (ना.प्र.नं. ८८७५१, जारी मिति २०५४/१२/०३, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक) ।

**ब्यक्तिगत जमानीकर्ताको विवरणः**
१. तुल बहादुर खड्का/तुल कुमारी खड्काको नातिनी, रत्न बहादुर खड्का/कृष्ण कुमारी पण्डितको छोरी, काठमाडौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०८ बस्ने **अनुमा खड्का** (ना.प्र.नं. २७-०१-७७-०२४४७, जारी मिति २०७७/०८/०४, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ) ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बौद्ध, काठमाण्डौ फोन नं. ०१-४९१३०७५/७६**



## मलेसियामा रोजगार

कम्पनीः ARROW GUARDS SDN BHD
शहरः Jalan

पूर्व स्वीकृत मितिः २०७९/११/११ चलानी नं.: ६०१५७१३४ LT. No.: 281501 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Security Guard | 16 | 0 | स. काममा दक्ष | 1500 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० जेठ १६ र १७ गते (30 & 31 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Group Of Companies
Gov. Lic. No. 625/063/064

**Red Coral Associates Pvt. Ltd.**
Buddhanagar-10, Kathmandu | Tel.: 4797078 | 4797278
Mo.: 9851171385 | 9851171383 | 9851171384 | Itahari : 025-590365



## Gadhawa Rural Municipality
## Office of the Rural Municipal Executive
**Gadhawa Dang**

### Invitation for Electronic Bids

**First Date of publication: May 23, 2023 (2080/02/09)**

1. Gadhawa Rural Municipality Dang inviates electronic bids only from Nepalese eligible bidders for the construction of Projects as mentioned below under National Competitive Bidding one envelope Procedures. Bidding is open to all eligible as per Section V of bidding document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gadhawa Gaunpalika Dang, e-mail: **gadhawagaunpalika@gmail.com**, or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

| Last Date of Bid Submission | Date and time of Bid Opening | Bid Validity Period | Bid Security Validity Period | Prebid Meeting |
|---|---|---|---|---|
| June 07, 2023 (within 12:00 PM) | June 07, 202 3 (1:00 PM) | 90 days after bid opening date | 120 days from bid opening date | NA |

Bank Details to deposit bidding document cost

| Name of the Bank | Name of Office | Dharauti Khata no. | Rajaswa Account No |
|---|---|---|---|
| NIC ASIA Bank, Lamahi Branch | Gadhawa Rural Municipality | 5141498824524003 | 0512050028738002 |

Details of the contract :

| S.N | Contract ID | Descriptions of Work | Estimated Amount Excluding VAT and Contingencies | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 11/NCB/GRM/ W/2079/080 | Supaila Kholama Tatbandhan | 41,28,150.5 | 120,000.00 | 3000.00 |

3. Others information not covered in this notice shall be as per PPA and PPR (latest edition).
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award.

**Chief Administratrive Officer**



**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development And Building Construction**

## Federal Project Implementation Unit
**Birendranagar, Surkhet**

### RE-INVITATION FOR BIDS (IFB)

**Notice No: FPIU/Surkhet/Work/NCB/16/079/80**
**Second date of publication: - 23rd May 2023 (2080/02/09)**

1. Federal Project Implementation Unit Birendranagar Surkhet invites electronic bids from eligible bidders for the Construction of the works under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount(without VAT) | Bid Validity /Bid Bond Validity Period | Average Annual Construction Turnover Amount (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | FPIU/Surkhet /Works/NCB/ 37/079/80 | Construction of Various Urban Infrastructures in Nalgad Municipality Jajarkot | - | 120 days/ 150 days from the date of Bid opening. | 205,818,532.00/- | 54,00,000/- | 10,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of FPIU Surkhet (telephone: 083-520268) during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Project Chief**





सम्पादकीय

## भागबण्डाको भार

प्रदेशसभाको निर्वाचन सम्पन्न भएको ६ महिना बित्दा पनि प्रदेश सरकारले आकार लिन सकेको छैन । लुम्बिनी प्रदेश सरकार सोमबार बिस्तार हुँदा पनि अपूर्ण रह्यो । नेकपा माओवादी केन्द्रले मन्त्री दिन नसक्दा प्रदेश सरकार अपूर्ण रह्यो । बागमती प्रदेश सरकारले आइतबार पूर्णता पाएको थियो । तर मन्त्रालय संख्या भन्दा मन्त्री धेरै नियुक्त भएकाले मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले सबै मन्त्रीलाई जिम्मेवारी दिन सकेनन् । मन्त्रालय संख्या बढाएर दश पुर्‍याउँदा पनि नियुक्त भएका सबै मन्त्रीले विभागीय जिम्मेवारी पाउन सकेनन् । तसर्थ कुनै एउटा मन्त्रालय फुटाउनुपर्ने बाध्यतामा मुख्यमन्त्री जम्मरकट्टेल छन् । शनिबार मात्रै मन्त्रिपरिषद् बिस्तार भएको सुदूरपश्चिममा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेन । सुदूरपश्चिममा मुख्यमन्त्री नियुक्त भएको एक सय दिनपछि शनिबार मन्त्रिपरिषद् बिस्तार भएको थियो ।

मधेश प्रदेशमा पनि मन्त्रिपरिषदले पूर्णता पाउन बाँकी छ । नेकपा एमालेले प्रदेश सरकार छोडेकाले नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी (लोसपा) का सांसदहरूलाई मन्त्री बनाउने तयारीमा मुख्यमन्त्री सरोजकुमार यादव लागेका छन् । तर बजेट अगाडि वा पछाडि मन्त्रिपरिषद् बिस्तार हुन्छ भन्ने निश्चित छैन । किनकि जनमत पार्टीलाई सरकारमै राख्ने वा हटाउने भन्नेमा सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा) ले निर्णय लिइसकेको छैन । कोशी प्रदेश सरकार त बजेट ल्याउन सक्छ वा सक्दैन भन्नेमै प्रष्ट छैन । किनकि यो प्रदेशमा अहिले एमाले नेतृत्वको सरकार छ । तर नेकपा माओवादी केन्द्रले राष्ट्रिय राजनीतिमा कित्ता बदलेकाले एमाले नेतृत्वको प्रदेश सरकार बदल्ने तयारी चलिरहेको छ । तर एमाले नेतृत्वको सरकार बदल्न पनि सत्तारूढ गठबन्धनलाई सजिलो छैन ।

यसरी निर्वाचन सकिएको ६ महिनामा पनि प्रदेश सरकारले पूर्णता पाउन नसक्नुको कारण भने राष्ट्रिय राजनीतिमा आएको परिवर्तन र दलहरूभित्र भागबण्डाको किचलो हो । पहिले सातै प्रदेशमा एमाले नेतृत्वको गठबन्धनले सरकार बनाएको थियो । तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन बदल्दै कांग्रेससँग सत्ता सहकार्य गर्ने निर्णय लिएपछि सातै प्रदेश सरकारको समीकरण बदल्नेतिर दलहरू लागे । यसले प्रदेश सरकारको कामकार्बाही प्रभावित बन्न पुगेको छ । जबकी संघीयता संरचनामा महत्वपूर्ण रहेको प्रदेश सरकारमाथि निरन्तर प्रश्न उठिरहेको छ । त्यसैलाई बल पुग्नेगरी राजनीतिक दलहरूले प्रदेश संरचनालाई गिजोलेका छन् । जसको असर प्रदेश संरचनाप्रति नागरिक प्रतिक्रिया थप नकारात्मक हुने मात्रै नभएर राष्ट्रिय राजनीतिकै स्थायित्वमाथि प्रश्न उठ्ने देखिन्छ । यसतर्फ नेतृत्व सचेत हुन आवश्यक छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | लामो यात्रा सफल हुनेछ । आकस्मिक धन लाभको योग छ । |
| वृष | : | समय अनावश्यक काममा खर्च हुनेछ । आम्दानीले पिरोल्नेछ । |
| मिथुन | : | स्वास्थ्य राम्रो हुनेछ । अनावश्यक जिम्मा लिनु हुँदैन । |
| कर्कट | : | सबै कार्यमा धैर्यता जरुरी छ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| सिंह | : | शुभ समाचार प्राप्त हुनेछ । स्वास्थ्यमा सुधार हुनेछ । |
| कन्या | : | कार्यहरुमा अनुकूल प्रगति हुनेछ । पदोन्नतिको योग छ । |
| तुला | : | आमा-बुबाको सहयोग पाइनेछ । तथापी, सबै कार्यमा सावधानी अपनाउनुपर्छ । |
| वृश्चिक | : | स्वास्थ्यमाथि ध्यान दिनु होला । दैनिक आय राम्रो रहनेछ । |
| धनु | : | प्रभाव बढ्ने योग छ । खानपानमा भने सावधानी राख्नुहोला । |
| मकर | : | दैनिक कार्यमा प्रगति हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| कुम्भ | : | अनावश्यक खर्चले अशान्ति दिनेछ । धन-लाभमा कमी आउनेछ । |
| मीन | : | सबै कार्यमा सावधानी राख्नुहोला । लामो यात्रामा जोड नदिनुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# 'नयाँ बजेटले पर्यटनका समस्या सम्बोधन गरोस्'

नेपाल होटल संघ (हान)को १४औं अध्यक्षमा सर्वसम्मतरूपमा निर्वाचित भएका **विनायक शाह** झण्डै डेढ दशकदेखि निरन्तर हानमा क्रियाशील रहँदै आएका छन् । एयरपोर्ट होटलका सञ्चालक शाह यसअघि कार्यसमितिका प्रथम उपाध्यक्ष थिए । कोरोना महामारीले थलिएको होटल क्षेत्र अझै पनि पुरानो लयमा फर्कन खोज्दैछ । होटलमा लगानी बढ्न थालेसँगै अन्तर्राष्ट्रिय ब्रान्ड ल्याउने होड शुरु भएको छ । यसले होटल क्षेत्रमा प्रतिस्पर्धामात्र बढाएको छैन, विदेशी पर्यटक ल्याउनसमेत सहयोग पुग्ने उनी बताउँछन् । "रिभाइभल"को चरणमा रहेको होटल क्षेत्रका आजका समस्या, तिनका समाधानका लागि विभिन्न पक्षको भूमिका र नेपालको पर्यटन क्षेत्रको विकासका लागि चालिनुपर्ने कदमलगायतका विषयमा केन्द्रित रही पत्रकार **कृष्ण अधिकारी**ले अध्यक्ष शाहसँग गरेको कुराकानीको सम्पादित अंश :



*आजका दिनमा हामीसँग कोरोना महामारीभन्दा अघि जत्तिको पनि पर्यटक आएको अवस्था छैन । अब हामीले पर्यटक बढाउनका लागि प्याकेज ल्याउन सक्नुपर्छ । जसको लागि सरकारी तहबाट पनि कार्यक्रम आउनुपर्छ ।*

**विनायक शाह**, अध्यक्ष, नेपाल होटल संघ (हान)

**होटल संघ नेपाल (हान)को १४औं अध्यक्षमा निर्वाचित हुनुभएको छ । अब तपाईंका योजना के-के छन् ?**

होटल संघ नेपाल (हान)को ५७ वर्ष लामो इतिहासलाई अझ उचाइमा पुर्‍याउनु नै मेरो पहिलो कर्तव्य हो । हाम्रो विधानमा संघको उद्देश्य नै देशभरका सदस्यका व्यवसायलाई बलियो बनाउने, उहाँहरूका समस्या समाधानका लागि पहल गर्ने भन्ने भएकाले त्यसअनुसार नै गर्ने हो । अहिले होटल क्षेत्रमा देखिएका समस्या समाधानका लागि पनि मेरो पूर्ण प्रयत्न हुनेछ । त्यसबाहेक होटल क्षेत्रलाई राष्ट्रिय उद्योगसरहको मान्यता दिलाउने विषयमा पनि मैले सक्दो प्रयास गर्नेछु । आगामी वर्षको बजेट निर्माण हुँदैछ, बजेटमा हाम्रा माग सम्बोधन होस् भनी प्रयास पनि जारी नै रहनेछ ।

**नेपालमा विदेशी पर्यटक आगमन बढाउन के गर्नुपर्ला ?**

